**EU को Air Safety Committee बाट प्राप्त प्रतिवेदनका केही महत्वपूर्ण बुँदाहरु:**

*नेपाल नागरिक उड्डयन प्राधिकरणका उपलब्धीहरु:*

१) सम्माननीय प्रधानमन्त्रीज्यूको पहलकदमी, नेपाल सरकारको प्रतिबद्धता एवं सहयोग तथा वर्तमान महानिर्देशकको गतिशील नेतृत्व र pro-active कार्यशैली बाट प्राधिकरण हाल यस्तो प्रशंसनीय अवस्थामा आइपुगेको ।

२) यस उपलब्धीलाई निरन्तरता दिई भविष्यमा अझ बढी परिणाममुखी बनाउनको लागि राजनैतिक नेतृत्व एवं सरकारको रचनात्मक भूमिकाका साथै महानिर्देशकको व्यक्तिगत क्षमता एवं संलग्नता अपरिहार्य रहेको कुरा समेत प्रतिवेदनमा औंल्याइएको ।

३) हाल CAAN ले अङ्गीकार गरेको संगठनात्मक संरचना, कानुनी प्रबन्ध एवं नियमनकारी कार्यहरु पर्याप्त रहेको ।

४) नेपालको हवाई सुरक्षाको सुधारप्रति महानिर्देशकको लगनशीलता, क्षमता तथा अथक प्रयासको प्रशंसा गर्दै EU ले निरन्तर रुपमा आवश्यक सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको ।

५) Audit का दौरान औंल्याइएका विषयवस्तुहरुका सम्बन्धमा एकीकृत कार्ययोजना बनाउनुका साथै समय समयमा प्रगति विवरण बनाई पेश गर्नुपर्ने ।

*नेपाल वायुसेवा निगमका सम्बन्धमा टिप्पणीहरु:* निगमको वर्तमान संगठन संरचना, कार्यपद्दती, आर्थिक एवं प्राविधिक क्षमता, जनशक्ति एवं सेवा प्रवाहको गुणस्तर सोको अभिलेखीकरण लगायत समग्र संस्थागत संरचनामा आमूल परिवर्तन (substantial overhaul) गर्नु संस्थागत सुदृढिकरणको लागि अत्यावश्यक रहेको ।

Audit मा औंल्याइएका उल्लेखित पूर्व-शर्तहरुको प्रभावकारी कार्यान्वियन गरेर मात्रै अगाडी बढ्न सकिने भएकोले सो सम्बन्धमा संवेदनशील हुन आवश्यक रहेको ।

*श्री एयरलाइन्सका सम्बन्धमा टिप्पणीहरु:* वर्तमान कार्यपद्धति सन्तोषजनक रहेतापनि थप सुधारका लागि प्रभावकारी कार्यप्रणाली एवं कार्यपद्धति अवलम्बन गर्दै जान विशेष पहलकदमी लिनुपर्ने ।